बेलौरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

श्रीपुर, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०७७/७८
चलानी नं. २२६१

मिति: २०७८/०२/१९

विषय: आवश्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन ।

**श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
सिंहदरबार, काठमाण्डौं ।

नेपाल सरकारको प्रथम प्राथमिकता (Priority One-P1) मा परेको परियोजना हुलाकी राजमार्ग अन्तर्गत यस नगर क्षेत्रमा पर्ने खण्डको अधिकांश निर्माण कार्य समाप्त भई सकेको अवस्था छ । यो परियोजनाको यस नगर क्षेत्र खण्ड दादा हंस सिद्धि शाही जे.भि. कम्पनी, काठमाण्डौंले निर्माण कार्य गरिरहेको छ । यस नगरपालिकाको वडा नं. ८ स्थित कालो पुलदेखि पचुई इट्टा भट्टा पश्चिम मोडसम्म नेपाल भारत सीमाना क्षेत्रको सीमा स्तम्भ नं. ३८ (अड्तीस) नजिकैको विवाद रहित नेपाली भूमिको करीब १२०० मि. सडक निर्माण कार्यमा सशस्त्र सीमा बल (Sashastra Seema Bal- SSB), भारतबाट बारम्बार अवरोध भई निर्माण कार्य अबरुद्ध भइरहेकोले उक्त निर्माण कार्यलाई सम्पन्न गर्नको लागि मित्र राष्ट्र भारतका सम्बद्ध निकायहरूसँग यथासम्भव छिटो आवश्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन र समस्याको समाधान गरिदिनुहुन अनुरोध छ ।

(पोती लाल चौधरी)
नगर प्रमुख

**पोती लाल चौधरी**
**नगर प्रमुख**

**वोधार्थ**

श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी ।
श्री सडक विभाग, चाकुपाट, पाटनढोका, ललितपूर ।
श्री हुलाकी राजमार्ग निर्देशनालय, टेकु, काठमाण्डौं ।
श्री जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर ।
श्री दादा हंस सिद्धि शाही जे.भि. कम्पनी, काठमाण्डौं